National News Bulletin

June 26, 2024

**प्रमुख समाचार:**

- बीजेपी सांसद श्री ओम बिरला अठारौँ लोकसभाका अध्यक्ष निर्वाचित
- संयुक्त राष्ट्र सुरक्षा परिषद संस्थागत रूपमा विस्तारित हुँदै सुधार हुनुपर्ने भारतको भनाइ
- भारतीय विदेशमन्त्री र म्यानमारका विदेशमन्त्रीबीच विभिन्न विषयमा भेटवार्ता
- विदेशमन्त्रीले अफ्रिकी दिवस समारोहलाई गर्नुभयो सम्बोधन
- सर्वोच्च अदालतद्वारा श्री अरविन्द केजरीवाललाई आफ्नो याचिका फिर्ता लिन अनुमति प्रदान

## New Lok Sabha Speaker

बीजेपी सांसद श्री ओम बिरला आज भारी मतले 18 औँ लोकसभाका अध्यक्ष निर्वाचित हुनुभएको छ। विपक्षी दलले यस पदका लागि कांग्रेस सांसद श्री के. सुरेशलाई उम्मेदवार बनाए पनि उहाँले सदनमा मत बाँडफाँडको माग गर्नुभएन। चुनावपछि, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, विपक्षी नेता श्री राहुल गान्धी र संसदीय मामिला मन्त्री श्री किरेन रिजिजुले श्री बिरलालाई अध्यक्षको आसनसम्म डोऱ्याएर लैजानुभयो। यसअघि आज बिहान सदनको बैठक बस्दा प्रधानमन्त्री र राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका अन्य १२ नेताले श्री बिरलालाई अध्यक्ष निर्वाचित गर्न प्रस्ताव पेस गरेका थिए भने विपक्षी तर्फबाट शिवसेना, UBT का नेता श्री अरविन्द सावन्त, राष्ट्रवादी कांग्रेस पार्टी शरद पवार गुटका श्रीमती सुप्रिया सुले र समाजवादी पार्टीका श्री आनन्द भदौरियाले के. सुरेशको पक्षमा प्रस्ताव पेश गर्नुभएको थियो। श्री ओम बिरलाले आफ्नो सम्बोधनमा आफूलाई पुन: अध्यक्षको रूपमा सेवा गर्ने अवसर दिएकामा र आफूप्रति विश्वास व्यक्त गरेकामा सदनका सबै सदस्यलाई धन्यवाद दिनुभयो। उहाँले संसदीय मूल्यमान्यता र लोकतान्त्रिक परम्परालाई समृद्ध बनाउने आफ्नो प्राथमिकता हुने बताउनुभयो।

## India-Security Council

भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई वैश्विक द्वन्द्वहरू प्रभावकारी रूपमा सम्हाल्न सक्नका लागि स्थायी र अस्थायी गरी संस्थागत रूपमा विस्तार गर्दै सुधार गर्ने समय आएको बताएको छ। सुरक्षा परिषद्को वार्षिक प्रतिवेदनमाथि संयुक्त राष्ट्र संघको महासभामा छलफलका क्रममा भारतका प्रतिनिधि श्री प्रतीक माथुरले सुरक्षा परिषदले पनि आफ्नो विश्वसनीयता प्रमाणित गर्न र आफ्नो कार्यसम्पादनमा सुधार गर्नुपर्ने बताउनुभयो। १५ राष्ट्रको सुरक्षा परिषदमा पाँच स्थायी सदस्य चीन, फ्रान्स, रूस, बेलायत र अमेरिकासँग मात्र भिटो अधिकार छ। बाँकी १० सदस्यहरू दुई वर्षका लागि अस्थायी सदस्यका रूपमा निर्वाचित हुन्छन् र उनीहरूलाई भिटोको अधिकार हुँदैन।

Foreign Minister-Myanmar

विदेशमन्त्री डा. एस जयशंकरले आज म्यानमारका विदेशमन्त्रीसँग भारतीय सीमामा म्यानमारमा भइरहेको हिंसा र अस्थिरताप्रति भारतको गहिरो चिन्ताबारे छलफल गर्नुभयो। डा जयशंकरले आज नयाँ दिल्लीमा म्यानमारका उपप्रधानमन्त्री एवं विदेशमन्त्री श्री उ थान श्वेसँग भेटवार्ता गरी यो अवस्थाको सामना गर्न सबै हितधारकलाई संलग्न गराउन भारत इच्छुक रहेको बताउनुभयो। डा. जयशंकरले भारत विशेष गरी लागूऔषधी, हतियार तस्करी र मानव बेचबिखन जस्ता चुनौतीहरूलाई प्राथमिकता दिन्छ भनी बताउनुभयो। उहाँले मायावाडीमा अलपत्र परेका भारतीय नागरिकलाई छिट्टै स्वदेश फर्काउन सहयोग गर्ने इच्छा व्यक्त गर्दै, भारतमा चलिरहेका परियोजनाहरूका लागि विश्वसनीय सुरक्षा संरक्षणमा पनि जोड दिनुभयो। श्री जयशंकरले म्यानमारमा तुरुन्तै प्रजातन्त्र फर्किने पनि कामना गर्नुभयो र यस विषयमा भारत कुनै पनि प्रकारको सहयोग गर्न तयार रहेको बताउनुभयो।

Foreign Minister-Africa

विदेशमन्त्री डा. एस. जयशंकरले भारतको प्राथमिकतामा अफ्रिका सधैँ माथि रहने बताउनुभएको छ। हिजो उहाँले नयाँ दिल्लीमा अफ्रिका दिवस समारोहलाई सम्बोधन गर्दै, अफ्रिकासँगको भारतको साझेदारी रणनीतिक र आर्थिक लाभभन्दा माथि रहेको बताउनुभयो। उहाँले अफ्रिकाका लागि भारतको प्रयासलाई दस मार्गदर्शक सिद्धान्तहरू अन्तर्गत नयाँ आकार दिइएको बताउनुभयो। यसमा स्थानीय क्षमता निर्माण र अवसरहरूको सिर्जना, बजार पहुँचको सुनिश्चितता  र डिजिटल क्रान्ति अनुभवहरू साझेदारी मार्फत अफ्रिकाको विकास र वास्तविक क्षमतालाई उजागर गर्ने भारतको प्रतिबद्धता समावेश छ। विदेशमन्त्रीले अफ्रिकी नागरिकलाई प्राविधिक तथा आर्थिक सहयोग कार्यक्रम अन्तर्गत तालिम प्रदान गरी क्षमता विकास गर्न भारत तयार रहेको बताउनुभयो। व्यापार र आर्थिक मोर्चामा, भारत अफ्रिकाको चौथो ठूलो व्यापारिक साझेदार हो। दुई देशबीच करिब १०० अर्ब डलरको व्यापार हुने गर्छ र हालसम्म ७५ अर्ब डलरभन्दा बढी लगानी भइसकेको छ।

Supreme Court-Kejriwal

सर्वोच्च अदालतले आज दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई कथित मदिरा नीति घोटालामा आफ्नो जमानतमा अन्तरिम रोक लगाउने दिल्ली उच्च अदालतको निर्णयलाई चुनौती दिने आफ्नो याचिका फिर्ता लिन अनुमति दिएको छ। श्री केजरीवालका पक्षबाट वरिष्ठ अधिवक्ता अभिषेक मनु सिंघवीले न्यायमूर्ति मनोज मिश्रा र न्यायमूर्ति एस.भी भट्टीको अवकाश पीठलाई आफूले उच्च अदालतको अन्तिम आदेशलाई चुनौती दिने नयाँ याचिका दायर गर्न हालको याचिका फिर्ता लिन चाहेको बताउनुभयो। यसअघि हिजो दिल्ली उच्च अदालतले केजरीवाललाई जमानत दिने तल्लो अदालतको निर्णयमा रोक लगाएको थियो।

Paraye-ISA

पाराराग्वे अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको पूर्ण सदस्यका रूपमा सामेल हुने एक सयौँ देश बनेको छ। विदेश मन्त्रालयले जानकारी दिएअनुसार, आज नयाँ दिल्लीमा पाराग्वेका राजदूत श्री फ्लेमिङ राउल ड्वार्टेलाई संयुक्त सचिव श्री अभिषेक सिंहसँगको बैठकका क्रममा उक्त अनुमोदनको दस्तावेज हस्तान्तरण गरिएको छ।

International Drugs Day

आज लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध अन्तर्राष्ट्रिय दिवस हो। यो दिनलाई विश्व चिकित्सा दिवसको रूपमा पनि मनाइन्छ। यसको उद्देश्य विश्वव्यापी रूपमा लागूपदार्थ दुरुपयोग रोक्नु हो। यस वर्षको विषय **प्रमाणबाट स्पष्ट छ-रोकथाममा लगानी आवश्यक छ** रहेको छ।

Jammu-Kashmir Assembly Election

जम्मू-कश्मीरमा आजदेखि मतदाता सूची परिमार्जनको प्रक्रिया सुरु भएको छ। बुथ स्तरीय अधिकारीहरूले घर-घर गएर मतदाता सूची जाँच गर्नेछन्। हाम्रा जम्मू संवाददाताले दिएको रिपोर्ट अनुसार, मतदाताहरूले जुलाई 25 र अगस्ट 9 बीच यी सूचीहरूमा आफ्ना आपत्तिहरू दर्ता गर्न सक्छन्। संशोधित मतदाता नामावली आगामी अगस्त १९ तारिखसम्म प्रकाशित हुने अपेक्षा गरिएको छ। सर्वोच्च अदालतको निर्देशन अनुसार यस वर्षको सेप्टेम्बरमा केन्द्र शासित प्रदेशमा विधानसभा चुनाव हुनुपर्नेछ।

NEET Scam-Maharashtra

NEET परीक्षा घोटालाको अनुसन्धान गर्न केन्द्रीय टोली महाराष्ट्रको बीड पुगेको छ। पुलिस सूत्रका अनुसार टोलीले जिल्लाको माजलगाउँ तालुकका केही शिक्षकलाई सोधपुछ गरेको छ।

Swimming Quta for Paris Olympic 2024

पेरिस अलम्पिक २०२४ का लागि पौडीमा धनिधि देसिङ्घु र श्रीहरि नटराज विश्वविद्यालय कोटाबाट छनोट भएका छन्। भारतीय पौडी महासंघले यस सम्बन्धमा घोषणा जारी गरेको छ। गत फेब्रुअरीमा फिलिपिन्समा सम्पन्न ११ औँ एसियाली समूह एक्वाटिक्स च्याम्पियनसिपमा १४ वर्षीय धनिधि महिला १०० मिटर फ्रिस्टाइल प्रतियोगितामा चौथो स्थानमा रहेकी थिइन्। धनिधि महिला २०० मिटर फ्रिस्टाइलमा राष्ट्रिय कीर्तिमान धारक हुन्। उनले सन् २०२४ मा सिंगापुर, भारत र मलेसियामा सम्पन्न प्रतियोगितामा दुई स्वर्ण र दुई रजत पदक जित्दै उत्कृष्ट प्रदर्शन गरेकी थिइन्। यसैबीच, २०० मिटर फ्रिस्टाइलमा राष्ट्रिय कीर्तिमान राख्ने शीर्ष पौडीबाज नटराजले पुरुष १०० मिटर ब्याकस्ट्रोकमा स्वर्ण पदक जिते। विश्वविद्यालय कोटाको उद्देश्य ओलम्पिकमा विश्वभरका खेलाडीहरूलाई समेटेर खेलको विविधता बढाउनु हो।

US Open Badminton

B.W.F युएस ओपन ब्याडमिन्टन प्रतियोगिता हिजोदेखि टेक्सासमा सुरु भएको छ। पुरुष युगलमा आज बिहान भारतका कृष्णप्रसाद गार्गा र साई प्रतीकको जोडीले आयरल्यान्डका स्कट गिल्डिया र पल रेनोल्ड्सको जोडीलाई २१-१४, २१-१२ ले हरायो। महिला युगलमा आज दिउँसो ट्रेसा जोली र गायत्री गोपीचन्दको जोडी र चाइनिज ताइपेईका पी. सियेह र ई हङको जोडीबीच भिडन्त भयो। गएराति पुरुष एकलको

प्रिक्वार्टरफाइनलमा कार्तिकेय गुलशन कुमारलाई चाइनिज ताइपेका जे.के. लियाओले २१-१९, २१-१३ को सेटमा पराजित गरे। पेरिस अलम्पिक खेल्न एक महिनाभन्दा कम समय बाँकी रहेकाले पीभी सिन्धु, एच.एस प्रणय, लक्ष्य सेन, सात्विकसाइराज रङ्की रेड्डी, चिराग शेट्टी र अश्विहानी पोनप्पा जस्ता खेलाडीले यस प्रतियोगितामा भाग लिएका छैनन्।

**प्रमुख समाचार पुन: एकपटक**

- बीजेपी सांसद श्री ओम बिरला अठारौँ लोकसभाका अध्यक्ष निर्वाचित
- संयुक्त राष्ट्र सुरक्षा परिषद संस्थागत रूपमा विस्तारित हुँदै सुधार हुनुपर्ने भारतको भनाइ
- भारतीय विदेशमन्त्री र म्यानमारका विदेशमन्त्रीबीच विभिन्न विषयमा भेटवार्ता
- विदेशमन्त्रीले अफ्रिकी दिवस समारोहलाई गर्नुभयो सम्बोधन
- सर्वोच्च अदालतद्वारा श्री अरविन्द केजरीवाललाई आफ्नो याचिका फिर्ता लिन अनुमति प्रदान